आकाशवाणी समाचार- नेपाली

मितिः २३ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीहरुको विशेष गहन पुनरीक्षण-**एस.आई.आर.** संबंधी सर्वोच्च न्यायालय को आदेशलाई लागू गरिने निर्देश जारी गरेको छ।
- राज्यको राजधानी कोलकाता मा हिज देखि 49 औ अंतर्राष्ट्रीय कोलकाता पुस्तक मेला शुरू भएको छ।
- देश तथा राज्यका विभिन्न भागहरुमा आज वसन्त पंचमी मनाइन साथै विध्याको देवी माता सरवस्तीको पुजा अर्चना गरिन्दैछ।
- नेताजी सुभाषचन्द्र बोसको जयन्तीको अवसरमा आज राष्ट्रले पराक्रम दिवस मनाइरहेको छ।
- अखिल भारतीय पुलिस ह्यान्डबल क्लसटर २०२५-२०२६ प्रतियोगीताको हिज खेलिएको सेमिफाइनल भिडन्तमा महिला ह्याण्डबलमा एसएसबीले राजस्थान पुलिसलाई 54-42 अंकले पराजित गरेर फाइनलमा स्थान बनाएको छ|

**निर्वाचन आयोग-पश्चिम बंगाल विशेष सूचना**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीहरुको विशेष गहन पुनरीक्षण-**एस.आई.आर.** संबंधी सर्वोच्च न्यायालय को आदेशलाई लागू गरिने निर्देश जारी गरेको छ। यसमा तार्किक विसंगतीहरु तथा अनिर्धारित श्रेणीहरु अंतर्गत नामहरुलाई सार्वजनिक रूपले प्रदर्शित गर्न अनिवार्य छ अनि प्रभावित मतदाताहरुलाई निर्धारित समय सीमा भित्र दस्तावेज जमा गर्न अनि सुनवाईको अवसर प्रदान गरिएको छ। आयोगले पश्चिम बंगालका अधिकारीहरुलाई चलिरहेको एस.आई.आर. 2026 सित संबंधित सर्वोच्च न्यायालय को यस महीनाको आदेशलाई सख्तीसित पालन गरिने निर्देश पनि दिएको छ। यसमा राज्य प्रशासन अनि पुलिसलाई पर्याप्त जनशक्ति सुनिश्चित गर्ने , सुनवाई सुचारू रूपले संचालित गर्ने अनि कानून व्यवस्था बनाई राख्ने निर्देश दिइएको छ, तथा अनुपालन नगरिएको खण्डमा कड़ा कार्यवाही गरिने प्रावधान पनि रहेको छ। चुनाव आयोगले पश्चिम बंगाल का डीजीपी, कोलकाता का पुलिस आयुक्त, सबै जिला अधिकारीहरु, अन्य सबै पुलिस आयुक्तहरु अनि सबै पुलिस अधिक्षकहरुलाई एसआईआरको अवधि कड़ा कानून व्यवस्था सुनिश्चित गर्ने निर्देश दिएको छ।

**कोलकाता पुस्तक मेला**

राज्यको राजधानी कोलकाता मा हिज देखि 49 औ अंतर्राष्ट्रीय कोलकाता पुस्तक मेला शुरू भएको छ। यो मेला सॉल्ट लेक स्थित बोई-मेला मैदानमा आयोजित गरिन्दैछ। प्रकाशक अनि पुस्तक विक्रेता संघ द्वारा आयोजित यस पुस्तक मेलाले प्रत्येक वर्ष हजारौं पुस्तक प्रेमीहरुलाई आकर्षित गर्दछ। राज्यको मुख्यमंत्री ममता बनर्जीले यस आयोजनको उद्घाटन गर्नुभयो। पुस्तक मेलाको मंचबाट मुख्यमंत्रीले सॉल्टलेक स्थित मेला प्रांगण मा 'बईतीर्थ' निर्माणको घोषणा गर्नुभयो। यसको लागि राज्य सरकारले 10 करोड़ रुपये आवंटित गरेको छ। ममता बनर्जीले आगामी वर्ष कोलकाता पुस्तक मेलाले आफ्नो 50 वर्ष पुरा गर्ने अनि तब सम्म मेला परिसर साथै 'बईतीर्थ' लाई पनि तैयार गरिने बताउनुभयो। उहाँले पुस्तक मेला आयोजक गिल्ड सित यसको लागि औपचारिक प्रस्ताव दिने आग्रह पनि गर्नुभएको छ। मुख्यमंत्रीले यस वर्ष पुस्तक मेलामा आफुले लेख्नुभएको नौ वटा नयाँ पुस्तकहरुको विमोचन भएको पनि बताउनुभयो। पुस्तक मेलामा एक हजार भन्दा अधिक स्टॉल छन्। चीन 15 वर्षको अंतराल पछि यस मेलामा शामेल भइरहेको छ। ब्रिटेन, जर्मनी, फ्रांस, ऑस्ट्रेलिया अनि लैटिन अमरीकाका धेरै देशले पनि पुस्तक मेलामा भाग लिएका छन् भने अमरीका अनि बांग्लादेशले यस वर्ष

भाग लिएको छैन। उद्घाटन समारोह मा आकाशवाणी का पूर्व अधिकारी स्वप्नोमय चक्रवर्तीलाई जीवन निर्वाह पुरस्कारद्वारा सम्मानित गरिएको पनि बताइएको छ।

**सरस्वती पुजा**

देश तथा राज्यका विभिन्न भागहरुमा आज वसन्त पंचमी मनाइन साथै विध्याको देवी माता सरवस्तीको पुजा अर्चना गरिन्दैछ। यसको साथै दार्जीलिङ्ग पहाड़का विभिन्न ठाउँहरुमा पनि माता सरस्वतीको पुजा भक्तिभावसित भक्तजनहरुले गरिरहेका छन्। विभिन्न पुजा पण्डालहरुमा आज भक्तजनहरु विशेष गरी साना नानी एवं छात्र-छात्राहरु माता सरस्वतीको पुजा गर्न उत्साहित देखिएको छ। माता सरस्वती प्रति समर्पित भजन-किर्तनले वातावरण गुञ्जयमान बनिरहेको छ। यसै बीच खरसाङको वार्ड नन्बर 1 देखि वार्ड नम्बर 20 अनि 28 र 29 नम्बर समष्टिमा रहेका उत्कृष्ट सरस्वती पूजालाई पुरस्कृत गरिने भएको छ। 28 नम्बर खरसाङ चिमनी देवराली समष्टीको सभासद श्याम शेर्पाले जानकारी गराए अनुसार भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको इभेन्ट म्यानेजमेन्ट ग्रुप साथै जीटीए प्रमुख अनित थापाको सहयोगमा  यस वर्ष उत्कृष्ट रहेको सरस्वती पूजाहरुमा प्रथमलाई पन्ध्र हजार (15,000), दोस्रोलाई दश (10,000) हजार अनि तेस्रोलाई पाँच हजार (5,000) रुपियाँ साथै ट्रफी अनि प्रमाण पत्र प्रदान गरेर पुरस्कृत गरिने भएको छ।

**संशो नेताजी बोस श्रद्धांजलि**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन अनि प्रधानमंत्री नरेंद्र मोदीले आज नेताजी सुभाष चंद्र बोसको जयंतीमा उहाँलाई श्रद्धांजलि अर्पित गर्नुभएको छ। आजको दिनलाई पराक्रम दिवसको रूप मा मनाइन्छ। राष्ट्रपतिले सोशल मीडिया पोस्टमा नेताजी सुभाष चंद्र बोसले **आज़ाद हिंद फौज** को माध्यमबाट भारतको स्वतंत्रता आंदोलनलाई निर्णायक नेतृत्व प्रदान गर्नुभएको यसलाई वैश्विक मंच सम्म पुर्याउनुभएको बताउनुभयो। श्रीमती मुर्मुले नेताजीको विरासतले प्रत्येक भारतीयलाई सदैव प्रेरित गरिरहने बताउनुभयो। उपराष्ट्रपति सी.पी. राधाकृष्णनले नेताजी सुभाष चंद्र बोसको निडर नेतृत्व, अदम्य साहस अनि भारत को स्वतंत्रता प्रति अटूट प्रतिबद्धताले आउने पीढ़िलाई प्रेरित गरिरहने बताउनुभयो। यसै बीच, प्रधानमंत्री नरेंद्र मोदीले आजको दिन देशवासीले नेताजी सुभाष चंद्र बोसको अदम्य साहस, दृढ़ संकल्प अनि राष्ट्र प्रति अद्वितीय योगदानलाई स्मरण गर्ने बताउनुभयो।

**जागरुक्ता अभियान**

सुके खण्ड पोखे्रबुङ्ग ग्राम पञ्चायत तीन अन्तर्गत मङ्गरजुङ संघ कार्यालयमा सुकिया पोखरी खण्ड अनि बाल सुरक्षा अभियान ट्रस्ट कालेबुङ्गको आयोजनामा लैङ्गिक समानता, बाल श्रम,बसी एस ए, र बाल विवाहमा केन्द्रित अभियान र जागरूकता एक दिवसी कार्यशाला आयोजना गरियो। कार्यक्रममा मङ्गरजुङ कार्यालयदेखि संगम बजारसम्म  अग्रपंक्तिका कामदारहरूका लागि कवच २.० अन्तर्गत विभिन्न प्ले कार्ड बोकेर  लैङ्गिक समानता, बाल श्रम, सि एस ए, र बाल विवाह  सार्वजनिक र्याली गरियो। लैङ्गिक समानता, रिपोर्टिङ संयन्त्र, जी पी एल सी पी सी  (GPLCPC) सुदृढीकरण, र घरेलु हिंसामा सुझावहरू समावेश थिए।

**अखिल भारतीय पुलिस ह्यान्डबल**

अखिल भारतीय पुलिस ह्यान्डबल क्लसटर २०२५-२०२६ प्रतियोगीताको हिज खेलिएको सेमिफाइनल भिडन्तमा पुरुष ह्याण्डबलको सेमिफाइनलमा पंजाब पुलिसले एसएसबीलाई 37-29 अंकले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ|
महिला ह्याण्डबलमा एसएसबीले राजस्थान पुलिसलाई 54-42 अंकले पराजित गरेर फाइनलमा जगा बनाएको छ| यसैरी नै पुरुष बास्केटबलमा केरला पुलिसले पंजाबलाई 78-60 अंकको अन्तरले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ भने महिला बास्केटबलमा एसएसबीले उत्तर प्रदेश पुलिसलाई 54-42 अंकले पराजित गरेर फाइनलमा प्रवेश गरेको छ| रहल चार सेमीफाइनल म्याच आज खेलिइने छ जसमा पुरुष बास्केटबल अनि ह्याण्डबल दुवै भिडन्त उत्तर प्रदेश अनि सीआइएसएफबीच खेलीइने छ| महिला बास्केटबल सेमिफाइनल भिडन्त केरला र राजस्थान पुलिसबीच एवं महिला ह्याण्डबल सेमीफाइनल पंजाब बीएसएफबीच खेलीइनेछ| पहिलो ह्याण्डबल क्लासटर म्याच २०२४-२०२५ मा लखनउमा आयोजन गरिएको थियो| प्रधानमन्त्री नरेन्द्र मोदीको फिट इन्डिया र खेलो इन्डिया अभियान

अन्तर्गत, दोस्रो अखिल भारतीय पुलिस ह्यान्डबल क्लस्टर २०२५-२६, राष्ट्रिय च्याम्पियनशिप सिलिगुडीको सशस्त्र सीमा बल (एसएसबी) फ्रन्टियर मुख्यालय क्याम्पसमा चलिरहेको छ।

**सड़क मरमत्ती**

तीनधारेदेखि सिविटारसम्म पुग्ने प्रधानमन्त्री ग्राम सडक योजनाको सड़क मरमत्तिको कार्य चलिरहेको छ। हालमा यस सड़कको मरमत्ति अन्तर्गत अलकत्र बिछयाउने कार्य भईरहेको छ। तीनधारेको गोलाई पाखादेखि सिविटारको बाघमारा बस्ती हुँदै तितिरी खेल मैदानसम्म लगभग ५ किलोमिटरको लामो रोड मरमत्तिको कार्य चलिरहेको छ। तीनधारेदेखि सिविटारसम्म पुग्ने रोडको अवस्था अत्यन्तै जीर्णावस्थामा पुगेको थियो जसले गर्दा स्थानीयहरुलाई धेरै असुविधा भईरहेको थियो। स्थानीयहरुको असुविधालाई ध्यानमा राखेर धेरै पर्खाईपछि हालमा मरमत्तिको कार्य चलिरहेको छ।

**एसजेडीए-विरोध**

सिलगड़ीमा सरकारी जमीनबाट अतिक्रमण हटाउन पुगेका सिलगड़ी-जलपाईगड़ी विकास प्राधिकरण (एसजेडीए) को दलले हिज स्थानीय मानिसहरुको विरोधको सामना गर्न पर्यो। मानिसहरुको विरोध प्रदर्शनको कारण एसजेडीए को दल कुनै कार्यवाही गरे बिना फर्कन पर्यो। स्थानीय मानसिहरुले महाकाल मंदिर निर्माणको नाममा वर्षौ देखि बसोबासो गरिरहेका गरीब परिवारहरुको घर खोस्ने प्रयास भइरहेको आरोप लगाएका छन्। यी मानिसहरु लामो समयदेखि यस क्षेत्रमा बसिरहेको स्थानीयहरुले बताएका छन्। यस बाहेक कुनै पूर्व नोटिस अनि वैकल्पिक व्यवस्था बिना गरिब परीवारहरुलाई त्यहाँ बाट हटाउने प्रयास भइरहेको जुन चाहिँ अन्यायपूर्ण रहेको स्थानीयहरुले बताएका छन्। उल्लेखनीय छ मुख्यमंत्री ममता बनर्जीले गत 17 जनवरीमा माटीगाड़ा सिटी सेंटर अघि स्थित सरकारी जमीनमा महाकाल मंदिरको शिलान्यास गर्नुभएको थियो।

***** ० ****